# नीति तथा कार्यक्रममा बिरोध नै भएन: मुख्यमन्त्री

**■ बाबुराम भण्डारी**
**विराटनगर, २८ जेठ**

आर्थिक बर्ष २०७७/७८ को बार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा कुनैपनि सांसदले उक्त नीति तथा कार्यक्रममा खुलेर विरोध नजनाएको भन्दै प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले सांसदको भूमिकाको बिषयलाई सांसदहरुलाई नै उक्साएका छन्। आफ्नै दलका ३३ जना सांसदमध्ये अधिकांशले नीति तथा कार्यक्रमको मर्ममाथि प्रश्न गर्दै मुख्यमन्त्रीसँग जवाफ माग गरेका थिए।

प्रमुख प्रतिपक्षी दलका सांसदहरुले समेत नीति तथा कार्यक्रमका कमीकमजोरी औंल्याउँदै सरकारको ध्यानाकर्षण गराएपनि मुख्यमन्त्री राईले भने सांसदहरुका विचारलाई सामान्य रुपमा टिप्पणी गर्दै कसैले असहमति तथा बिरोध जनाएको भन्दै सांसदहरुलाई उक्साएका हुन्।

प्रतिपक्षका १९ जनासहित कुल ५२ सांसदले आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिएका थिए। सांसदहरुले छलफलका क्रममा उठाएका विषय सामान्य भएको र प्रतिपक्षले संशोधन दर्ता गराएका कारणमात्रै आफू बोल्न बाध्य भएको मुख्यमन्त्रीको जवाफ थियो।

तीन दिनको लगातार छलफल पश्चात वार्षिक नीति तथा कार्यक्रममा सांसदहरुका जिज्ञासा र प्रश्नहरुको जवाफ दिने क्रममा मुख्यमन्त्री राईले भने- 'असहमति वा विरोध कही प्रकट भएन, निकै ठूलो आपत्ति जनाउनु होला, विरोध जनाउनु होला भन्ने मैले सोचिरहेको थिएँ। तर अरु नै थोकमा समय खर्चिनु भयो। त्यसैले यसपटक मलाई धेरै सजिलो भइरहेको छ। संशोधन दर्ज भएका कारणले मात्रै केही बढि बोल्नु पर्ने भयो।'

यसो भन्दै बोल्न सुरु गरेका मुख्यमन्त्री राईले नीति तथा कार्यक्रममा उल्लेखित बुँदामाथिको औचित्य प्रमाणित गर्न एकघण्टा ४५ मिनेट समय खर्चिए। उनले संसदमा भनिएजस्तो गरी नीति तथा कार्यक्रम नआएको दाबी गरे। नीति तथा कार्यक्रम सही भएकै कारण कसैले पनि आपत्ति नजाएको र विरोध नगरेको उनको जिकिर थियो।

'अहिले पनि रेकर्ड खोलेर सुन्न सकिन्छ, कहीँपनि विरोध आपत्ति भएको छैन' मुख्यमन्त्री राईले भने- 'सवै कुरा प्रष्ट रुपमा राखिएको छ, कसैले विरोध गर्नु भएन, कार्यान्वयन गर्न योग्य कार्यक्रम मात्रै प्रस्तुत गरेका छौं।'

मुख्यमन्त्री राईले बिषम परिस्थिति आएपनि कार्यान्वयन योग्य दस्तावेजका रुपमा नीति तथा कार्यक्रम आएको बताए। उनले सरकारको तत्कालको निर्णयले कोभिड १९ अस्पताल निर्माण सम्पन्न भएको दाबी गर्दै संक्रमितको उपचारका लागि उल्लेखनीय प्रगति प्राप्त भएको सांसदहरुलाई जवाफ दिए। मुख्यमन्त्री राईले ५० बेडको कोभिड अस्पताललाई एकसय बेडमा विस्तार गरिएको र सरकारसँग अहिले दैनिक एक हजारवटा स्वाब परीक्षण गर्ने क्षमता रहेको दाबी गरे।

प्रदेश सरकारले संघीयतालाई बलियो बनाउँदै प्रदेशिक संरचनाहरु तयार गर्न जग्गाको खोजी गर्ने कार्य अघि बढाएको र उपयुक्त जमिनको टुंगो लगाएर आगामी आर्थिक बर्षबाटै डिजाइन र निर्माणको काम सुरु गर्ने बताए। आफू सुशासन कायम गर्नका निम्ति प्रतिवद्ध रहेको भन्दै भ्रष्टाचारका घटनामा तथ्य प्रमाणका आधारमा आए एक घण्टाभित्रै कारवाही गरेर देखाउने कुरा उनले फेरी दोहोऱ्याए।

'तथ्य प्रमाणका आधारमा एक घण्टाभन्दा बढि कोही टिक्दैन, सञ्चले कोही बस्न पाउँदैन' मुख्यमन्त्रीको सुझाव थियो- 'संसदीय समितिले पनि भूमिका खेल्नुपर्छ, सरकारले कुनैपनि प्रकारको कम्प्रोमाइज गर्दैन।' सरकारले चालु आर्थिक बर्षदेखि व्यापकता दिएको 'म अघि बढ्छु' कार्यक्रममा देशकै लागि उदाहरणीय कार्यक्रम भएको मुख्यमन्त्री राईको दाबी छ। उनले भने- 'यो नेपालकै लागि नौलो कार्यक्रम हो, असाध्यै महत्वपूर्ण कार्यक्रम हो, नैतिकवान सभ्य नागरिक तयार गर्नका निम्ति यस प्रदेशका दुई हजार विद्यालयमा कक्षा १२ प्लसमा अध्ययन गर्ने दुईलाख विद्यार्थीलाई सगरमाथा टिन्स क्लवमा आवद्ध गर्ने कार्यक्रम हो, यो असाध्यै नै नौलो, असाध्यै लोकप्रिय अभियान हो, नेपालमा प्रदेश १ मा कार्यक्रम चलिरहेको छ, देशको ध्यान तानिराखेको छ।'

मुख्यमन्त्री राईले सरकारले प्रदेश सरकारले चालु आर्थिक वर्षमा नयाँ पूर्वाधार विकासका कार्यक्रम अघि बढाउन नसक्ने जानकारी दिंदै आगामी आर्थिक वर्षमा प्रदेश सरकारलाई आवश्यक पर्ने संरचना निर्माण गर्न जग्गाको खोजी गरी गर्ने काम अघि बढाउने बताए।

उनले कोभिड १९ को महामारीको बेला सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयनमा चुनौती कायमै रहेकोतर्फ सांसदहरुले राखेका सुझावलाई स्वीकार गरे। विद्यमान प्रशासन संरचनाको दक्षतामाथि पनि मुख्यमन्त्रीले आशंका व्यक्त गरे। उनले भने- 'नीति तथा कार्यक्रमको कार्यान्वयनमा चुनौती वास्तवमा सत्य हो, बाटो खोल्न बाँकी नै छ, हामीसँग भएको मौजुदा जनशक्तिमा दक्षताको खडेरी छ, त्यो सरकारले भोगिरहेको छ।'

मुख्यमन्त्री राईले हिमाल, पहाड र तराईमा कार्यक्रम तथा बजेटको सन्तुलन मिलाउने कुरामा सरकारको ध्यान पुग्नेमा विश्वस्त रहन सांसदहरुलाई आग्रह गरेका छन्। सांसदहरुले आफूहरुलाई समेत थाहा नदिई आफ्नो क्षेत्रमा योजनाहरु छनौट हुने गरेको गुनासो गरिरहँदा त्यस्तै समस्या मन्त्रीहरुले पनि भोग्नु परेको मुख्यमन्त्री राईले बताए।

'मन्त्रीलाई थाहा नहुने, सांसदलाई थाहा नहुने योजना यसपटक आजका मितिसम्म सतप्रतिशत रोकिएको छ, कुनैपनि ब्याकडोरबाट प्रवेश गरेर योजना पार्ने काम बन्द गरिएको छ।' उनले भने।

१३औं साफ गेमका पदाधिकारी प्रदेश १ का खेलाडीलाई पुरस्कृत गर्ने प्रदेश सरकारको घोषणा बमोजिम उनीहरुले घोषित पुरस्कार प्राप्त नगरेको भन्दै सांसदहरुले प्रश्न गरेका थिए। जवाफमा मुख्यमन्त्री राईले कोरोना भाइरसका कारण खेलाडीहरुलाई बोलाएर सम्मान गर्न नसकिएको प्रष्टिकरण दिंदै सकेसम्म चालु आर्थिक वर्षभित्रै खेलाडीहरुलाई बोलाएर पुरस्कार प्रदान गरिने बताए। चालु वर्षमै नसकिने भए उनीहरुको बैंक खातामा पठाउने र त्यो पनि नसकिए आगामी आर्थिक वर्षमा त्यसको वितरणको व्यवस्था मिलाउने बताए।

सरकारले वार्षिक नीति तथा कार्यक्रममा प्रदेश प्रमुख दन्त मुस्कान कार्यक्रम समावेश गरेपछि सांसदहरुले मुख्यमन्त्रीका नाम जोडिएका कार्यक्रम कटौति नभएको बरु प्रदेश प्रमुखको नाममा समेत परम्परावादी कार्यक्रमहरु ल्याएको भन्दै असन्तुष्टि जनाएका थिए। जवाफमा मुख्यमन्त्री राईले प्रदेश प्रमुखलाई व्यक्तिका रुपमा नबुझी संस्थाको सम्मानका लागि ल्याएको कार्यक्रमका रुपमा बुझ्न लागि आग्रह गरे।

**नीति तथा कार्यक्रम बहुमतले पारित**

प्रदेश १ सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ। बुधबार बसेको प्रदेशसभाको बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रस्तुत गरेको संशोधन प्रस्ताव अस्वीकृत गर्दै नीति तथा कार्यक्रम बहुमतले पारित भएको हो।

कांग्रेसका तर्फबाट प्रमुख सचेतक केदार कार्की र सांसद शेखरचन्द्र थापाले प्रस्तुत गरेको संशोधन प्रस्ताव बहुमतले अस्वीकृति भएपछि सरकारका तर्फबाट मुख्यमन्त्री शेरधन राईले नीति तथा कार्यक्रम पारित गरियोस् भनी संसद प्रस्तुत गरेको प्रस्ताव बहुमतले पारित भएको सभामुख प्रदीपकुमार भण्डारीले घोषणा गरे।

नीति तथा कार्यक्रमले मधेस आन्दोलनलाई नसमेटेको भन्दै जनता समाजवादी पार्टी संसदीय दलका नेता जयराम यादवले प्रदेशसभामा दर्ज गराएको संशोधन प्रस्ताव फिर्ता लिए। सरकारले आफ्नो संशोधन प्रस्तावमा प्रस्तुत गरिएका विषयलाई स्वीकार गरेको भन्दै संशोधन प्रस्ताव फिर्ता लिएको बताए।

प्रदेश १ को आगामी वर्षको नीति तथा कार्यक्रम पारित भएसँगै प्रदेश सरकारलाई आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट ल्याउने बाटो खुलेको छ। नीति तथा कार्यक्रमको छलफलमा आफ्नै पार्टीको सरकारविरुद्ध भारी परेका सत्ता पक्षका सांसदहरुले पारित गर्ने बेलामा दलीय भूमिका निर्वाह गर्दै प्रस्तावको पक्षमा ध्वनी दिएका थिए।

नीति तथा कार्यक्रममाथि सांसदहरुले उठाएका प्रश्नको जवाफ दिने क्रममा मुख्यमन्त्री राईले नीति तथा कार्यक्रममाथि संशोधन प्रस्ताव 'सुटुक्क' दर्ता भएको टिप्पणी गरे। 'कुनैपनि बुँदामा आपत्ति नरहँदा नरहँदै पनि प्रतिपक्षको धर्म निर्वाहका निम्ति सुटुक्क संशोधन परेको रहेछ' मुख्यमन्त्रीले भने।

नीति तथा कार्यक्रमाथि मंगलबार छलफल सकिएलगत्तै मुख्यमन्त्री राईले त्यतिबेलै जवाफ दिने योजना बनाएका थिए। तर प्रतिपक्षी दलहरुले नीति तथा कार्यक्रममाथि संशोधन दर्ताका लागि समय मागेपछि सभामुख प्रदीपकुमार भण्डारीले बुधबार विहान ११ बजेसम्मका लागि संशोधन प्रस्ताव दर्ता गर्ने समय तोकिएको सदनलाई जानकारी गराएका थिए।

## «प्रधानमन्त्रीको

वर्खा अघि टुंगोमा पुऱ्याइसक्नु पर्ने काठ अब जहाँको तहीँ थन्किएको छ। त्यसबाट सरकारलाई राजस्व पनि नआउने र वनसम्बन्धी व्यवसाय नै ठप्प भएको छ।

नेपाल वन पैदावर उद्योग व्यवसायी संघ मोरङका अध्यक्ष सीताराम अग्रवालका अनुसार स (आरा) मिलहरूले विधिपूर्वक खरिद गरेर ल्याई चिरान गरेको काठ पनि बेच्न पाएका छैनन्। लकडाउनसँगै वनसँग सम्बन्धित सबै व्यवसाय बन्द छ भने प्रधानमन्त्रीको ठाडो आदेशपछि मन्त्रालयले गरेको परिपत्रका कारणले गर्दा अब पनि बन्द रहने भएका छन्।

कोहिनुर प्लाई उद्योगका सञ्चालक रमेश आचार्यका अनुसार १ नम्बर प्रदेशका पहाडी जिल्ला ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम र धनकुटामा मात्रै १५ लाख घनफिट उत्तिसको काठ काटेर राखेको अवस्थामा छ। त्यो काठ अहिले नै ननिकाल्ने हो भने जहाँ थन्क्याएको छ त्यही ठाउँमै सडेर जानेछ। त्यसबाट उद्योगीहरू मात्र होइन धेरै किसान पनि मर्कामा पर्ने छन्।

**बजारमा विदेशी काठ**

स्वदेशको काठ नपाएपछि स-मिलवालाहरूले विदेशबाट काठ मगाउन थालेका छन्। म्यानमार, मलेसिया र इण्डोनेसियाको काठ नेपाल आयात हुने गरेको छ। विराटनगर भन्सार नाकाबाट मात्रै चालु आर्थिक वर्षमा हालको अवधीसम्ममा ३ हजार ९ सय ७८ घनमिटर विदेशी काठ आयात भएको छ। त्यसको मूल्य २९ करोड ८१ लाख ७० हजार देखाइएको छ भने त्यसबाट सरकारलाई ७ करोड ८६ लाख ६४ हजार राजस्व प्राप्त भएको छ।

यता बजारमा स्वेदशको काठ पाउन छाडेपछि फर्निचर व्यवसायी र अन्य काठ व्यवसायीहरूले पनि विदेशी काठलाई स्वदेशको सखुवाको काठभन्दा राम्रो भनेर बेच्ने गरेकाले त्यसबाट उपभोक्ता ठगिदै आएका छन्। तर काष्ट व्यवसायी संघ मोरङ अध्यक्ष सीताराम अग्रवाल भने कुकाठ र अन्य हेर्दै चिनिने हुँदा उपभोक्ता नठगिने दावी गर्दछन्।

व्यवसायीहरूका अनुसार विदेशबाट आयात गरिएको काठमध्ये इण्डोनेशियाबाट ल्याइने 'बान्की राई' जातको काठ, मलेसियाबाट आयत हुने 'सिलानबाटु' र म्यान्मारबाट आयात हुने 'थिया इञ्जिन' जातको काठ नेपाली सालसँग मिल्दोजुल्दो हुने काठ व्यवसायी सीताराम अग्रवाल बताउँछन्। त्यही काठलाई केही व्यापारीले नेपालको साल भनेर बेच्ने गरेको उपभोक्ताकर्मी कृष्णप्रसाद भण्डारी मार्सेलीले बताए। लकडाउनका बेलामा रातारात काठमाडौं पुऱ्याइएको विदेशी काठलाई नेपाली साल भनेर व्यापारीहरूले प्रति घनफिट ३ हजार रूपैयाँमा बेच्ने गरेको मार्सेलीले बताए।

त्यसरी ठग्ने व्यवसायीसँग कहाँबाट किनेर ल्याएको बिल देखाउनुहोस् भन्नेबित्तिकै स्वदेशी हो कि विदेशी काठ हो भन्ने प्रष्ट हुनेहुँदा बिल माग्न अग्रवाल आग्रह गर्दछन्। स्वदेशको काठमा स्वदेशी टाँचा र विदेशी काठमा विदेशी टाँचा हुने अग्रवाल बताउँछन्।

१ नम्बर प्रदेश सरकारले ल्याउन लागेको वन सम्बन्धी ऐन बढी झन्झटिलो र वन व्यवसायलाई निरूत्साहित पार्ने खालको भएको भन्दै त्यसमा संशोधन गर्न काठ व्यवसायीहरूले माग गरेका छन्। एकातिर संघीय सरकारले निर्देशन जारी गरेर वनको काम रोक्नु, प्रदेश सरकारले झन्झटिलो कानून ल्याउन लाग्नु आदि कारणले आफ्नो निजी जग्गामा वन नलगाउन चाहने किसान पनि निरूत्साहित हुने भएका छन्।

## «भन्सार

अधिकृतहरू जोशीबाट विगतमा दुःख पाएका कर्मचारीमा गनिन्छन्। आफू आबद्ध राजनीतिक दलको हवाला दिंदै पनि उनले कर्मचारी थर्काउने गरेका छन्। जोशी नेपाली कांग्रेस विराटनगर नगर समितिका उपसभापति पनि हुन्।

आफूलाई तरुण दलको नगर सदस्य हुँदै कांग्रेसको नगर उपसभापति हुन २० वर्ष लागेको जोशीले बताए। सामाजिक संघसंस्थाको नेतृत्वमा बसेको व्यक्ति भएकाले आफूले कहिले पनि अनर्गल काम नगरेको उनले दावी गरेका छन्। आफ्नो काम बनाउनकै लागि मिडियाको दुरुपयोग गरेको भन्ने भनाइमा सत्यता नभएको उनले बताए। आफू सोझो मनले गरीखाने व्यक्ति भएको भन्दै जोशीले कसैको काम बिगार्ने आफ्नो बानी नभएको बताए।

विराटनगर भन्सार कार्यालयका प्रमुख शिव भण्डारी भने भन्सारमा आफू आएका ८ महिना भएको बताउँदै को कस्तो छ आफूले चिन्न थालिसकेको बताउँछन्। अब भन्सार कार्यालय पहिलाको जस्तो छैन भनेर जो कोहीले बुझ्न जरुरी रहेको भण्डारीले बताए।

## सच्याइएको

**मिति २०७७ जेठ २० गते मंगलबार उद्घोष दैनिकमा प्रकाशित प्रधानमन्त्री कृषि परियोजना तरकारी बल्क क्षेत्र छथर १, ५, ६ तेह्रथुमको बोलपत्र सूचनामा कम्पनी-टाटा, मोडल-योद्धा ४×२ हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको छ।**


## Kerabari Rural Municipality
### Office of the Rural Municipal Executive
### kerabari, Morang

**Invitation for Sealed Quotation for the procurement of Solar Street Light and CC Camera.**

**Sealed Quotation No: KRMC/MOR/G/SQ-06(076/077)**

Date of 2nd Publication:2077/02/29

1. The *Kerabari Rural Municipality* invites sealed quotations from registered Suppliers for the supply, delivery, installation and commissioning of ***Solar Street Light & CC Camera of NRs 16,55,000. including VAT.***
2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Kerabari Rural Municipality, Kerabari Morang, Tel:021-403110, Email: kerabariruralmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np.*
3. *A complete set of Bidding Documents may be purchased from the office [insert name and address] and the office Kerabari Rural Municipality Kerabari Morang by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs. 1000.00 till 11th Asar 2077** during office hours.*
4. *[if electronic bid is allowed, insert the following text : "Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [insert the name of e-GP system i.e www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account*
5. **Name of the Bank: NIC ASIA Bank Name of Office: Kerabari Rural Municipality**
6. **Rajaswa Account no.: 0562056501423002(for Bid Document fee)**
7. **Dharauti Account no. : 0562056501423008(for bid security cash deposit)**
8. *Sealed bids must be submitted to the office of Kerabari Rural Municipality by hand or through e-GP system i.e www.bopatra.gov.np/egp] on or before **[12 PM] on [12th Asar 2077]**. Bids received after this deadline will be rejected.*
9. *The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **[1 PM] on 12th Asar 2077** at the office of Kerabari Rural Municipality Kerabari Morang. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 45,000**, which shall be valid for 30 days beyond the validity period of the bid. (If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account mention above and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.*
10. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
11. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

***Chief Administrative Officer***



## देवानगञ्ज गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
१ नं प्रदेश, नेपाल

## दरभाऊ पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०२/२९

यस कार्यालयको चालु आ.व. २०७६/०७७ मा गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत ह्यूमपाई र ट्युवेल आपूर्ति कार्यको लागि इच्छुक आपुर्ति कर्ता र उत्पादकहरुले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ र नियमावली, २०६४ को नियम ८५ बमोजिम दरभाऊ पत्र माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दीको माध्यमबाट दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. तपसिलमा उल्लेखित दस्तुर नगद बुझाई नगदी रसिद वा नगदै बैंक दाखिला यस कार्यालयको नाममा रहेको NIC ASIA बैंक इनरुवा शाखाको सञ्चित कोष खाता नं. २४३CA५००२१९१७००६ मा जम्मा गरेको सक्कल भौचर, आपूर्ति कर्ता र उत्पादकहरुले व्यवसाय नविकरण भएको इजाजतपत्र, मू.अ.क. दर्ता, प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयसम्म खरिद गर्न सकिनेछ। खरिद भएको फारम सम्बन्धी कागजात १६ औं दिनको १२:०० बजेसम्म देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जको नाममा सम्बोधन गरी कामको विवरण, दरभाऊ पत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी दर्ता गराउनु पर्नेछ।

२. शिलबन्दी दरभाउपत्र साथ देवानगञ्ज गाउँपालिकाको नाममा NIC ASIA बैंक इनरुवा शाखाको धरोटी खाता नं. २४३CA५००२१९१७००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकमको बराबरको नेपाल राष्ट्रिय बैंक मान्यता प्राप्त बैंक बाट देवानगञ्ज गाउँपालिकाको कार्यालयको नाममा जारि भएको कार्य प्रयोजन एवं ठेक्का नं. अनिवार्य रुपमा उल्लेख भएको दरभाउपत्र जमानत पत्र अन्तिम मिति बाट ७५ दिन सम्म म्याद भएको पेश गर्नु पर्नेछ।

३ दर्ता भएका दरभाऊ पत्र १६ औं दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाऊ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा खोलिनेछ। दरभाउ पत्र वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। दरभाउ पत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ।

४. दरभाउ पत्रमा दररेट भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहीछाप भएको हुनुपर्नेछ।

५. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन। दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।

७. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ। साथै थप जानकारीका लागि सम्पर्क नं.९८५२०४३६६७ मा सम्पर्क राख्न सक्नु हुनेछ।

**तपसिल**

| क्र.सं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) रु. | धरोटी रकम रु. | फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | DRM/Hume pipe Supply/01/076/77 | १०,२१,११५।३७ | ६०,०००।०० | १०००/०० | |
| २. | DRM/Tubwell Supply/01/076/77 | ४,२७,२४७।४५ | ३०,०००।०० | १०००/०० | |

त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत


**सौगात प्रकाशन प्रा.लि.**द्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित **कार्यालय** : विराटनगर-७, मेनरोड, **फोन नं.** : ०२१-४५०३०५, ५१५७२८, ५७८३०५ **इमेल** : udghosh@gmail.com,
**प्रबन्ध सम्पादक** : विजय खतिवडा, **समाचार सम्पादक** : विक्रम निरौला, **सहसम्पादक** : कमल रिमाल, **फोटो सम्पादक** : संजीव खनाल, **व्यवस्थापक** : पूर्ण भुजेल, **प्रबन्ध निर्देशक** : बन्धु पोखरेल, **सम्पादक** : मोहन भण्डारी